**विश्वविद्यालय अनुदान आयोग,**
**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्**
गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रिया अन्तर्गत स्वअध्ययन प्रतिवेदन तयार पारिरहेका उच्च शैक्षिक संस्थाहरुका नाममा जारी

# सार्वजनिक आव्हान

जारी मिति : २०८०/०१/०७

हाल गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रिया अन्तर्गत स्वअध्ययन प्रतिवेदन तयार पारिरहेका वा सो प्रक्रियामा सहभागि हुने तयारी गरिरहेका उच्च शैक्षिक संस्थाहरुमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance And Accreditation) सम्बन्धि सम्पूर्ण कागजातहरु तयार पारिदिने भन्दै परामर्शको नाममा प्रस्ताव गर्ने गरेको र कतिपयमा अत्याधिक रकम लिएर सम्झौता समेत भएको भन्ने बुझिन आएकाले यस आयोगको ध्यानाकर्षण भएको छ। यस्तो परामर्श सेवाले एकातिर संस्थालाई अनावश्यक आर्थिक नोक्सानी पुर्‍याउने तथा अर्कोतर्फ अपेक्षित परिणाम पनि प्राप्त नहुने परिस्थितिको निर्माण हुनसक्ने संभावना प्रति सचेत रहन सबै उच्च शैक्षिक संस्थाहरुलाई जानकारी गराईन्छ।

गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको मूल उद्देश्य संस्था र सरोकारवालाहरु बीचको सामुहिक पहलकदमी एवं अन्तरक्रिया, संस्थाको आत्मबोध एवं मौलिक सिकाई, योजनावद्ध कार्यसम्पादन एवं निरन्तर सुधार तथा सो मार्फत प्राप्त हुने नतिजाको आधारमा उत्कृष्टता उन्मुख हुनु हो। श्रृङ्गारिक (Cosmetic) रुपमा तयार पारिने कागजातहरुले गुणस्तर अभ्यासमा अपेक्षित योगदान पुर्‍याउन सक्दैन। तसर्थ, संस्थाले आफ्नो क्षमताको अधिकतम उपयोग गरी तयार पार्ने स्वअध्ययन प्रतिवेदनले मात्र गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीको विश्वसनियता र मर्मलाई कायम गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रिया वा स्वअध्ययन प्रतिवेदन तयारीका सम्बन्धमा संस्थागत सहजीकरण आवश्यक भएमा औपचारिक रुपमा आयोगमा सम्पर्क राख्नुहुन र यसरी प्राप्त हुने अनुरोधहरुको आधारमा आयोगले अनुकुल समयमा अभिमुखिकरण एवं सहजीकरण कार्यक्रमहरुको आयोजना गर्ने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ।

यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सचिवलयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् सचिवालय**
विश्वविद्यालय अनुदान आयोग,
सानोठिमी, भक्तपुर, नेपाल
इमेल : qaad@ugcnepal.edu.np, पोस्ट बक्स नम्बर: १०७९६ (काठमाडौं, नेपाल)
फोन : ०१-६६३८५४८/४९/५०/५१, फ्याक्स : ०१-६६३८५५२